# हाम्रो भूगोल



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# हाम्रो भूगोल



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा सेभ द चिल्ड्रेनले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३

पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


| | |
|---|---|
| पृथ्वीको सबैभन्दा अग्लो ठाउँ | ७ |
| पृथ्वीको सबैभन्दा चिसो ठाउँ | ९ |
| पृथ्वीको सबैभन्दा गहिरो ठाउँ | ११ |
| पृथ्वीको सबैभन्दा सुक्खा ठाउँ | १३ |
| पृथ्वीकै सबैभन्दा तातो ठाउँ | १५ |
| सबैभन्दा बढी वर्षा हुने ठाउँ | १७ |
| पठार | १९ |





# पृथ्वीकै सबैभन्दा अग्लो ठाउँ

पृथ्वीकै सबैभन्दा अग्लो ठाउँ सगरमाथाको चुचुरो हो । सगरमाथा हिमाल नेपाल र चीनको सिमानामा पर्छ । यो समुद्र सतहभन्दा ८,८४८ मिटर अग्लो छ । यो भनेको २७७ ओटा १० तले भवन एकमाथि अर्को खप्ट्याउँदा हुने उचाइ बराबर हो ।

सगरमाथा प्राय: हिउँले ढाकिएको हुन्छ । कहिलेकाहीँ हिउँको थुप्रो गरौ भएर हिमालबाट तल झर्छन् । हावा चल्दा पनि हिउँ तल झर्ने हुन सक्छ । यसले हिमाल चढ्नेका लागि यात्रा कठिन बनाउँछ ।



**एडमन्ड हिलारी (बायाँ) र तेन्जिङ नोर्गे (दायाँ)**

नेपालका तेन्जिङ नोर्गे शेर्पा र न्युजिल्यान्डका एड्मन्ड हिलारी सगरमाथाको चुचुरोमा पहिलोपटक पुगेका थिए । यो सन् १९५३ को कुरा हो । त्यसयता करिब चार हजार मानिस सगरमाथाको चुचुरोमा पुगिसकेका छन् ।




# पृथ्वीको सबैभन्दा चिसो ठाउँ


तिमी कहिल्यै जाडोमा रुझेका छौ ? त्यस बेलामा कत्तिको चिसो महसुस गरेका थियौ ? त्यो चिसो पूर्वी आन्टार्टिकाको ठिहीसँग तुलना गर्ने हो भने केही पनि होइन ।

वैज्ञानिकहरू यस ठाउँलाई पृथ्वीकै सबैभन्दा चिसो ठाउँ भन्छन् ।

पूर्वी आन्टार्टिका हिउँ र बरफले वर्षभरि नै ढाकिएको हुन्छ । यहाँको तापक्रम -९४ डिग्री सेल्सियससम्म तल झर्छ । पानी शून्य डिग्री सेल्सियसमा जम्छ । यदि यो ठाउँमा तिमीले एक बाल्टिन उम्लिरहेको पानी हुत्यायौ भने त्यो उत्तिखेरै जम्छ र बरफको ससानो टुक्रा बनेर भुइँमा खस्छ ।




पूर्वी अन्टार्टिकामा मार्चदेखि सेप्टेम्बर महिनासम्म घाम लाग्दैन । यहाँ कुनै बिरुवा पनि हुर्कदैन । यहाँ कुनै जनावर पनि बस्न सक्दैनन् । यो ठाउँ निकै नै चिसो छ ।





# पृथ्वीको सबैभन्दा गहिरो ठाउँ

पृथ्वीको सबैभन्दा गहिरो ठाउँ प्रशान्त महासागरको पश्चिममा रहेको मारिआनस ट्रेन्च हो । महासागरको ट्रेन्च भनेको त्यसको भुइँमा रहेको गहिरो र लामो खाडल हो । मारिआनस ट्रेन्चका केही भाग सगरमाथाको उचाइभन्दा पनि गहिरा छन् । सबैभन्दा गहिरो बिन्दु ११ हजार मिटर छ ।

मारिआनस ट्रेन्चको सबैभन्दा गहिरो भाग समुद्र सतहबाटै १०,९९४ मिटर तल छ । यो भनेको झण्डै ३०० वटा १० तले भवन एकमाथि अर्को खप्ट्याएर राखे जति नै हो ।



मारिआनस ट्रेन्चमा सूर्यको प्रकाश पुग्दैन । सूर्यको प्रकाश आवश्यक नपर्ने वनस्पती र प्राणीहरू मात्र यहाँ पाइन्छन् । झिँगे माछा जस्ता प्राणीहरू, जेलीफिस, पारदर्शी र टल्कने खालका समुद्री काँक्रो मात्र मारिआनस ट्रेन्चमा पाइन्छन् ।




# पृथ्वीको सबैभन्दा सुक्खा ठाउँ

दक्षिण अमेरिकामा रहेको ‘अटाकामा’ मरुभूमि पृथ्वीकै सबैभन्दा सुक्खा ठाउँ हो । यहाँ बिरलै पानी पर्छ । कहिलेकाहीँ त धेरै वर्षसम्म पनि पानी नै पर्दैन ।

अटाकामा एकाध बिरुवा मात्र पाइन्छ । सिउँडी र अत्यन्त थोरै पानी चाहिने केही पोथ्रापोथ्री मात्र यहाँ बाँच्न सक्छन् ।



अत्यन्त थोरै जनावर मात्र यहाँ बस्छन् । कहिलेकाहीँ यहाँ माउसुली, साना चरा र किरा फट्याङ्ग्रा पनि देखिन्छन् । यहाँ पाइने फट्याङ्ग्राहरू बालुवाकै रङका हुन्छन्, जसले गर्दा उनीहरू त्यहीँ मिसिन सक्छन् । अटाकामाका केही भागमा कुनै पनि प्रकारको जीवन भेटिन्न ।






# पृथ्वीकै सबैभन्दा तातो ठाउँ

पृथ्वीकै सबैभन्दा तातो ठाउँ इरानको दास्त-ए-लुट मरुभूमि हो । मरुभूमि भनेको धेरै नै सुक्खा भूभाग हो, जहाँ बिरलै पानी पर्छ ।


एउटा पुरानो कथा यस्तो छ - एक पटक यात्रीहरूले यहाँ केही गहुँ छाडेर गए । केही दिनपछि उनीहरू फर्कँदा त्यो गहुँ चर्को




तापले कालो भएर पाकिसकेको थियो ।

दास्त-ए-लुटमा ७०.७ डिग्री सेल्सियससम्म तातो हुनसक्छ ।

पानी ९९.९७ डिग्री सेल्सियसमा उम्लन्छ । तिमी बस्ने ठाउँमा तापक्रम कति माथिसम्म पुगेको थाहा छ ? यदि तिमी दास्त-ए-लुटमा छौ भने कस्तो महसुस गरिरहेको हुन्थ्यौ होला, कल्पना गर त ?





# सबैभन्दा बढी वर्षा हुने ठाउँ

पृथ्वीमा सबैभन्दा बढी वर्षा हुने ठाउँ भारतको मवसिनराम गाउँ हो । यो गाउँ भारतको मेघालय राज्यमा पर्छ । यहाँ मार्चदेखि अक्टोबर महिनासम्म सधैँजसो वर्षा भइरहन्छ ।

वैज्ञानिकहरू भन्छन्- यो गाउँमा एक वर्षमा ४६७ इन्च पानी पर्छ । तिमीले पानी परेको दिन एउटा सोडाको बोतल बाहिर राख्यौ भने एक वर्षमा ६० बोतल पानी भर्न सक्छौ ।

भारतको राजधानी नयाँ दिल्ली पनि वर्षा भइरहने एउटा ठाउँ हो । यहाँ एक वर्षमा ५१ इन्च वर्षा हुने गर्दछ । यो भनेको वर्षमा ६ बोतल पानी भर्न सक्नु हो ।

मवसिनरामका मानिस वर्षाका बारेमा चिन्ता गर्दैनन् । उनीहरू धेरै समय घरबाहिर नै बिताउँछन् । मवसिनरामका मानिस शरीर नभिजाउन कुप ओढ्ने गर्छन् । कुप बाँस, केरा वा ताडीका पात बुनेर बनाइएको हुन्छ ।



कुप



# पठार

के तिमीले कहिल्यै यस्तो भूबनोट देखेका छौ, जसले तिमीलाई टेबलको याद दिएको छ ? सायद त्यो पठार थियो ।

पठार भनेको ठाडो अग्लो भिरको टुप्पामा रहेको मैदानी भुभाग हो । यसलाई टेबलल्यान्ड पनि भनिन्छ ।

पठारहरूको वरिपरि प्रायजसो ठाडा भिर वा चट्टानी पाटा हुन्छन् ।



## पठारका प्रकारहरू

पठारहरू दुई प्रकारका हुन्छन् । ज्वालामुखीमा तातो पग्लिएको चट्टानले पृथ्वीको सतहलाई माथि ठेल्दा पठार बन्दछ । पग्लिएको चट्टान समयसँगै सेलाउँदै जान्छ र एउटा पठारको निर्माण गर्दै ठोस बन्दछ ।

भारतको मध्यपश्चिममा रहेको डेकन प्ल्याटु ज्वालामुखी पठारको एउटा उदाहरण हो ।





विच्छेदित पठार पृथ्वीको धरातलका भागहरूले विस्तारै एक अर्कालाई धकेल्दा बन्दछन् । यसले जमिनको एक भागलाई माथि उठ्न र ठडिन बाध्य पार्दछ । यो ठडिएको भाग पठार बन्दछ । मध्यपूर्वको इरानी पठार विच्छेदित पठारको उदाहरण हो ।






## तिब्बतको पठार

पूर्वी एसियामा अवस्थित तिब्बती पठार पृथ्वीमा रहेको सबै भन्दा अग्लो र ठुलो पठार हो ।

यो चीन, तिब्बत र भारतसम्म फैलिएको छ । केहीले यसलाई 'संसारको छानो' पनि भन्दछन् ।

## सागरमुनिको पठार

सागरभित्र पनि पठार भेट्न सकिन्छ। हिन्द महासागरको पानीभित्र रहेको मास्करेन पठार बाहिरबाट देख्न सकिन्छ ।



## संसारका अन्य भागमा रहेका पठार



कोलम्बियाको बोगोटा सहर एउटा पठार हो । यो बोगोटा समुद्र सतहबाट २६०० मिटरभन्दा बढीको उचाइमा छ ।

एल्टिप्लानो दक्षिण अमेरिकामा अवस्थित पठार हो । यसको नाम स्पेनिस भाषामा छ, यसको अर्थ ‘उच्च मैदानी भूभाग’ भन्ने हुन्छ ।

दक्षिण अफ्रिकाको टेबल माउन्टेन केपटाउन नजिकै रहेको प्रख्यात भूमिचिह्न हो । यहाँको यो पठार एक छेउबाट अर्को छेउसम्म झन्डै ३ किलोमिटरको छ ।

एल्टिप्लानो



टेबल माउन्टेन

